नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## मिति २०८२ चैत्र ०९ गते बसेको कार्यालय प्रमुख बैठकका निर्णयहरु

१) यही मिति २०८२ फागुन २१ गते भएको प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ लाई निष्पक्ष, मर्यादित, भयरहित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सहयोग गर्नुभएकोमा सम्पूर्ण कार्यालय प्रमुख एवम् कर्मचारीहरुप्रति हार्दिक धन्यबाद ज्ञापन गर्ने।

२) कार्यालयहरुले आ-आफ्नो जिम्मेबारी अन्तर्गत गर्नुपर्ने विकास निर्माण कार्य एवम् कार्यक्रमहरु तोकिएको गुणस्तर र मापदण्ड कायम गरी समयमै सम्पन्न गर्न पहल गर्ने। आयोजना र कार्यक्रमको अनुगमन कार्यलाई नतिजामुलक बनाउने। विकास निर्माण कार्यको कारणले भविष्यमा निम्तिनसक्ने सम्भावित विपद्लाई समेत ध्यानमा राख्दै सो को न्यूनीकरण तर्फ समेत सजग रहने।

३) सबै सरकारी निकायहरुले नागरिकको परिवर्तित चाहना बमोजिम सहज र सरल रुपमा सेवा प्रवाह गर्ने तथा नागरिकको गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाउने।

४) सबै निकायले सूचनाको वर्गीकरण गरी तोकिएको अवधिभित्रै अनिवार्य रुपमा स्वत प्रकाशन गर्ने।

५) आ-आफ्नो कार्यालयको सरसफाईलाई र सुरक्षालाई ध्यान दिंदै वरिपरिको वातावरणलाई स्वच्छ र सफा राख्ने कार्यलाई निरन्तरता दिने।

६) कर्मचारीको हाजिरी, विदा र काजको विवरण दुरुस्त राख्ने। कार्यालयको नियमित कामलाई बाधा पर्ने गरी एकै पटक धेरै कर्मचारीहरु विदामा नबस्ने व्यवस्था गर्ने।

७) इन्धनको बढ्दो संकटलाई ध्यानमा राखी मितव्ययी र किफायती रुपमा सबारी साधनको प्रयोग गर्ने। विदाको दिनमा चल्ने सरकारी सबारी साधनको नेपाल प्रहरीले अनिवार्य सवारी पास चेकजाँच गर्ने।

८) नागरिकता र राष्ट्रिय परिचयपत्रको सेवालाई त्रुटीरहित र कम झण्झटिलो बनाउने उद्देश्यले केन्द्रीकृत नागरिकता व्यवस्थापन सूचना प्रणाली (CCIMS) र राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली(NIDMIS) बीच गृह मन्त्रालयले सेवा अन्तरआबद्धता गरिसकेको सन्दर्भमा यस जिल्लामा अनलाईन नागरिकता सिफारिस लागू भएको एक बर्ष भैसक्दा समेत मर्स्याङ्दी गाउँपालिका र सुन्दरबजार नगरपालिकाका केही वडाहरुले अनलाईन नागरिकता सिफारिसको कार्यान्वयन नगरेकोले यथाशीघ्र सम्बन्धित वडाहरुलाई अनलाईन नागरिकता सिफारिस कार्यको शुरुवात गर्न सम्बन्धित स्थानीय तहले आवश्यक सहजीकरण गर्ने।

प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner